# नेपालबाट विदेश जानेहरुको कोभिड-१९ परीक्षण सम्बन्धी
# जिल्ला प्रशासन कार्यालय रामेछापको सूचना

१४ श्रावण २०७७

गृह मन्त्रालयको प.सं. शा.सु. ०७७/०७८/५,च.नं. १९३ मिति २०७७/०४/११ गतेको पत्रबाट लेखि आए बमोजिम कोभिड-१९ को महामारी विश्वव्यापी रुपमा फैलिरहेको अवस्थामा नेपालबाट विदेश जानेहरुको पि.सी.आर. रिपोर्ट चाहिने भएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विदेश जाने प्रयोजनका लागि स-शुल्क रुपमा पी.सि.आर. परीक्षण गर्न काठमाण्डौ उपत्यका भित्र *त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा काठमाण्डौं उपत्यका बाहिर कोशी अस्पताल, नारायणी अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी अस्पताल, कर्णाली प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला सेती अस्पताल* रहेका छन । साथै निजी प्रयोगशाला मध्ये स-शुल्क रुपमा विदेशी नियोगको सिफारिसका कर्मचारीहरुलाई मात्र पि.सी.आर. परीक्षण गर्न *ललितपुरको स्टार अस्पताल र काठमाण्डौं मेडिकल कलेज*लाई अनुमति दिइएकोले यी बाहेक अन्य अस्पताल तथा प्रयोगशालाहरुले दिएको पी.सि.आर. परीक्षण रिपोर्ट मान्यता नहुने हुँदा तोकिएका अस्पताल तथा प्रयोगशालाहरुबाट मात्र पी.सि.आर. परीक्षण गर्नु/गराउनु सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै विभिन्न संघ/संस्थाहरुले विदेश जानेहरुलाई पी.सी.आर. परीक्षण रिपोर्ट वितरण गरेको भन्ने सूचना आएको हुँदा त्यस्ता क्रियाकलापहरु कुनै निकायहरुबाट भए/गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही समेत गरिनेछ ।

०६६।४।१४

भास्कर दाहल
प्रशासकीय अधिकृत